आज मिति २०८३ साल बैशाख २५ गते विहान १०:०० बजे भगवतीमाई गाउँपालिका, गाउँ कार्यपालिकाका अध्यक्ष श्री गणेशबहादुर थापा ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी तपसिलको उपस्थितिमा देहाय बमोजिम निर्णय गरियो ।

स्थानःगाउँ कार्यपालिकाको कार्यालय — बैठक संख्याः११-२०८२/०८३

बैठक प्रारम्भः विहान१०:०० बजे — बैठक समापनः

**उपस्थितिः**

| नाम थर | पद | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|
| श्री गणेशबहादुर थापा | अध्यक्ष | भगवतीमाई गा.पा.-०१ | |
| श्री मिनाकुमारी खड्का | उपाध्यक्ष | भगवतीमाई गा.पा.-०१ | |
| श्री बम बहादुर के.सी. | सचिव, प्र.प्र.अ. | भगवतीमाई गा.पा.कार्यालय | |
| श्री इन्द्रबहादुर थापा | वडा अध्यक्ष | भगवतीमाई गा.पा.-०१ | |
| श्री दिपक रावत | वडा अध्यक्ष | भगवतीमाई गा.पा.-०२ | |
| श्री मानबहादुर खड्का | वडा अध्यक्ष | भगवतीमाई गा.पा.-०३ | |
| श्री देवलोक अधिकारी | वडा अध्यक्ष | भगवतीमाई गा.पा.-०४ | - |
| श्री कृष्ण बहादुर शाही | वडा अध्यक्ष | भगवतीमाई गा.पा.-०५ | - |
| श्री गणेश प्रसाद शर्मा | वडा अध्यक्ष | भगवतीमाई गा.पा.-०६ | |
| श्री पुर्णबहादुर थापा | वडा अध्यक्ष | भगवतीमाई गा.पा.-०७ | |
| श्री गालसरा वि.क. | का.पा. सदस्य | भगवतीमाई गा.पा.-०२ | |
| श्री रेशम बादी | का.पा. सदस्य | भगवतीमाई गा.पा.-०२ | |
| श्री शारदा बस्नेत खड्का | का.पा. सदस्य | भगवतीमाई गा.पा.-०३ | - |
| श्री वत्ती वि.क. | का.पा. सदस्य | भगवतीमाई गा.पा.-०६ | - |
| श्री रञ्जनाकुमारी भण्डारी | का.पा. सदस्य | भगवतीमाई गा.पा.-०७ | - |
| श्री टिकाराम वि.क. | का.पा. सदस्य | भगवतीमाई गा.पा.-०७ | - |

**सहयोगी कर्मचारी**

| नाम थर | पद | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|
| श्री टोप बहादुर बुढा | शाखा अधिकृत | भगवतीमाई गा पा कार्यालय | |
| | | | |
| | | | |



Scanned with CamScanner

क्र.प्रा. प्रमाणित

## मिति २०८३/०१/२५ गतेको गाउँ कार्यपालिकाको ११ औं बैठकमा पेश भएका प्रस्तावहरु

| क्र.सं. | प्रस्ताव | कैफियत |
|---|---|---|
| १. | यस अघिका बैठकबाट भएका निर्णय कार्यान्वयनको समिक्षा सम्बन्धमा। | |
| २. | बाख्रा स्रोत केन्द्र व्यवस्थापन सम्वन्धमा । | |
| ३. | खेलकुद विकास समिति गठन २०८२ सम्वन्धमा । | |
| ४. | आ.व. २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम तर्जुमा सम्वन्धमा । | |
| ५. | भगवतीमाई आधारभूत अस्पताल पूर्वाधार निर्माण कार्यको ठेक्का व्यवस्थापन सम्वन्धमा । | |
| ६. | चिकित्सक तथा स्वास्थ्यकर्मीलाई जोखिम भत्ता सम्वन्धमा । | |
| ७. | समसामयिक/विविध छलफल । | |

## मिति २०८३/०१/२५ गतेको गाउँ कार्यपालिकाको ११ औं बैठकबाट भएका निर्णयहरु:

| क्र. सं. | निर्णयको वेहोरा | कार्यान्वयन हुने शाखा |
|---|---|---|
| १. | यस गाउँ कार्यपालिकावाट यस अघिका वैठकबाट भएका निर्णयहरुको कार्यान्वयन प्रगति समिक्षा गरियो र कार्यान्वयन हुन बाँकी निर्णयहरु यथाशिघ्र कार्यान्वयन गर्ने। | सम्वन्धित शाखा |
| २. | बाख्रा स्रोत केन्द्र व्यवस्थापन सम्वन्धमा छलफल गर्दा मिति २०८२ चैत्र १३ गते गठित अनुगमन तथा अध्ययन समितिले ७ दिनभित्र प्रतिवेदन पेश गर्ने र प्रतिवेदनको आधारमा आगामी वैठकबाट आवश्यक निर्णय गर्ने । | समिति/ पशु विकास सेवा केन्द्र |
| ३. | यस पालिकाको खेलकुद विकास समितिको कार्यकाल २०८२ मंसिरदेखि समाप्त भएको हुंदा खेलकुद कार्यलाई निरन्तर संचालनका लागि कार्यविधि बमोजिम प्रकृया पुरा गरि नयाँ खेलकुद विकास समिति गठन गर्न देहाय अनुसारको जिम्मेवारी तोक्ने र पेश भएको तदर्थ कार्यसमितिलाई आगामी बैठकबाट अनुमोदन गर्ने।<br>देहाय :<br>श्री भूपेन्द्र वहादुर शाही, भगवतीमाई गापा वडा नं. २, अध्यक्ष<br>श्री खगेन्द्र वहादुर थापा, भगवतीमाई गापा वडा नं. १, उपाध्यक्ष<br>श्री केशर वहादुर वली, वरिष्ठ शाखा अधिकृत भगवतीमाई गापा सदस्य सचिव | शिक्षा शाखा |
| ४. | आ.व. २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम तर्जुमा सम्वन्धमा छलफल हुँदा स्थानीय तहको योजना तर्जुमा प्रकृया बमोजिम वडा तहका चरणहरु पुरा गरि आगामी वैठकमा पेश गर्ने। | वडा कार्यालय, योजना शाखा |



Scanned with CamScanner

| क्र. सं. | निर्णयको वेहोरा | कार्यान्वयन हुने शाखा |
|---|---|---|
| ५. | भगवतीमाई आधारभूत अस्पताल पूर्वाधार निर्माण कार्यको ठेक्का व्यवस्थापन सम्वन्धमा नियमानुसार आवश्यक प्रकृया अगाडि वढाउन प्रमुख प्रशासकीय अधिकृत मार्फत सम्वन्धित शाखालाई आवश्यक निर्देशन दिने। | पूर्वाधार/योजना शाखा |
| ६. | पालिका अन्तर्गत स्वास्थ्य संस्था तथा आधारभुत अस्पतालमा कार्यरत चिकित्सक तथा स्वास्थ्यकर्मीलाई जोखिम भत्ता उपलब्ध गराउने सम्बन्धमा आगामी बैठकमा छलफल गर्ने । | आर्थिक प्रशासन शाखा |
| ७. | यस कार्यालयमा कार्यरत सि.अ.हे.व. अधिकृत, श्री टिकाराम विष्ट र जन स्वास्थ्य निरिक्षक श्री भरतराज खत्रीलाई कर्णाली प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) (पहिलो संशोधन २०८२ समेत) ऐन २०८१ को दफा २६ क वमोजिम स्तर वृद्धि गर्ने। | प्रशासन शाखा |
| ८ | भगवतीमाई गाउँपालिका वडा नं ४ स्थित सिमखोला खानेपानी तथा सरसफाई योजनालाई सम्पन्न गर्न ३२ मिमिको १०५० मिटर पोलिथिन पाईप साना खानेपानी तथा सिंचाई कार्यक्रमबाट खरिद गरि उपलब्ध गराउने । | पूर्वाधार/योजना शाखा |
| ९ | भगवतीमाई गाउँपालिका वडा नं ६ स्थित दारीखोला लामीदुवाली सिंचाई कुलोमा पहिरो गई सिंचाई अवरुद्ध भएकोले विपद् व्यवस्थापन कोषबाट आवश्यक लगानी गरि मर्मत गर्ने । | पूर्वाधार/योजना शाखा |
| १० | मिति २०८३ जेष्ठ १ गतेदेखि यस कार्यालयमा कार्यरत सम्पूर्ण कर्मचारीहरु विहान ठिक ८:५५ बजे कार्यालय परिसरमा लामबद्ध भई राष्ट्रिय गान गाउने तत्पश्चात कार्यालय प्रवेश गर्ने । | प्रशासन शाखा |
| ११ | आगामी बैठक मिति २०८३ जेष्ठ ४ गते विहान १० बजे बस्ने गरि बोलाउने । | प्रशासन शाखा |

**भिन्न मत**

| क्र. सं. | सदस्यको नाम | पद | भिन्न मतको संक्षिप्त व्यहोरा | दस्तखत |
|---|---|---|---|---|
| | | | | |



Scanned with CamScanner